# परशुराम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा

### कृषी हाटबजारको लागि सटर तथा कोठाहरु भाडामा दिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०८२।०२।०६

परशुराम नगरपालिकाको स्वामित्वमा रहेको वडा नं १२ लालढुंगा बजार पछाडी रहेका नवनिर्मित भवनहरुको देहाय बमोजिमका सटर तथा कोठाहरु हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा ५ वर्ष अवधिका लागि बहाल बन्दोवस्त गर्न आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त भवनहरुका सटर कोठाहरु बहालमा लिन इच्छुक नेपाल सरकारवाट ईजाजत प्राप्त ब्यक्ति/फर्म/कम्पनी/वित्तिय संस्था/सहकारीहरुले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही रित पूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ।

१. इच्छुक दरभाउपत्रदाताले (ब्यक्ति/फर्म /कम्पनी/वित्तिय संस्था/सहकारीहरु) लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (मिति २०८२/०२/२० गते) कार्यालय समय भित्र कार्यालयको राजश्व शाखाबाट दरभाउपत्र फारम रु. १०००।०० (फिर्ता नहुने गरि) मा खरिद गरी १६ औं दिन (मिति २०८२/०२/२१ गते) दिनको १२:०० बजे नगरपालिकामा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएको बोलपत्र सोहि दिन कार्यालयका प्रतिनिधिहरुको रोहबरमा दिनको १:०० बजे खोलिने छ। बोलपत्र खोल्दा, बोपलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र फारम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन सिलबन्दी बोलपत्र दाखिला गर्न र खोल्ने सकिनेछ।

३. बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा म्याद थपको प्रमाणपत्र र भ्याट/पान दर्ता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

कालु सिंह बोहरा
कृषि शाखा प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

४. शिलबन्दी बोलपत्र फारमको खाम बाहिर यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरि सम्बन्धित सटर वा कोठा नं. स्पष्ट रुपमा उल्लेख गरिनुको साथै बोलपत्रदाताले पनि आफ्नो नाम र ठेगाना उल्लेख गरि पेश गर्नुपर्ने छ।

५. बोलपत्रदाताले पेश गरेका कबोल अंक न्युनतम बहाल अंकमा नघटने गरि, अंक र अक्षरमा उल्लेख गरि पेश गर्नु पर्नेछ। अंक, अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ।

७. बहाल संझौता अवधी ५ वर्षको हुनेछ र प्रत्येक वर्ष ५ प्रतिशतका दरले बहाल बृद्धि हुदै जानेछ। सम्झौता अवधी समाप्त भए पछि पुनः प्रतिस्पर्धात्मक प्रकृयाबाट बहाल बन्दोबस्त गरिने छ।

८. बोलपत्रदाताले बोलपत्रका साथ कबोल रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम परशुराम न.पा. को नाममा नेपाल बैंक लिमिटेड जोगबुडा शाखामा रहेको धरौटी खाता नं २४४०३००००३०००००००१ ग. ३ मा जम्मा गरेको सक्कलै बैंक भौचर नगद वा सो रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ।

९. तोकिएको प्रक्रिया पुरा गरेका सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

१०. म्याद नाघि आएको रित नपुगेको, शर्त राखिएको शिलबन्दी दरभाउपत्र फारम उपर कुनै कारबाही गरिने छैन।

११. बोलपत्र स्वीकृत भए पछि कबोल गरेको बहाल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड जोगबुडा शाखामा रहेको धरौटी खाता नं २४४०३००००३०००००००१ मा (कार्यालय कोड ८०१०७७५०२) जम्मा गरेको सक्कल बैंक भौचर र मासिक बहाल कबोल अंकको ६ महिना बराबरले हुने रकम सम्झौता गर्दाका बखत जम्मा गर्नु पर्ने छ । उक्त छ महिना बराबरको अग्रिम रकम बहाल संझौताको अन्तिम वर्षको मासिक बहालमा कट्टा गरिनेछ।

१२. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र धरौटी र ६ महिना बराबरको एकमुष्ट रकम वा बैंक भौचर सहित बहाल संझौता गर्न नआएमा बोलपत्र साथ रहेको धरौटी जफत गरी नियमानुसारको प्रक्रिया अगाडी बढाईनेछ।

१३. मासिक बहाल रकम भुक्तानी गर्दा प्रत्येक महिना अग्रिम रुपमा बुझाउंनु पर्नेछ। बहाल रकम तोकिएको समयमा नबुझाएमा नियमानुसार जरिवाना शुल्क लाग्नेछ।

कालु सिंह वोहरा
कृषि शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

१४. मासिक बहाल रकम बुझाउन एक महिना भन्दा बढी ढिला गरेमा सटर कोठा खाली गराउन पत्राचार गरिनेछ त्यसरी पत्राचार भएको मितिले ७ दिन भित्र सटर/कोठा खाली नगरेमा कार्यालयले जुनसुकै बेला सटर कोठा बन्द शिल गर्न सक्नेछ। त्यसरी सिल गरेको सात दिन भित्र सटर/कोठा भित्र रहेका सामानहरुको मुचुल्का गरी तत्काले जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढावढ गरी असुल गर्न पर्ने रकम अपुग भएमा सरकारी बाकी सरह असुल उपर गर्ने र असुल गर्नु पर्ने भन्दा बढी भए बढी भएको रकम फिर्ता गरिनेछ।

१५. आफुले लिएको सटर कोठामा प्रचलित कानुन बमोजिम निषेधित बस्तु तथा सेवा बिक्री बितरण वा गतिविधि गर्न पाईने छैन।

१६. पानी र बिधुत महशुल खपतको आधारमा मासिक रुपमा सव मिटरमा उठेको अंकको कार्यालयले तोकेको प्रति यूनिटका दरमा बहालमा लिनेले नगरकार्यपालिका कार्यालयमा बुझाउनु गर्नेछ।

१७. हाल परशुराम नगरपालिकालाई बुझाउनु पर्ने शटर बहाल /जरिवाना नबुझाई बक्यौता राख्ने व्यक्ति/ फर्म वा कम्पनीले बोलपत्र दाखिला गर्न पाइने छैन। त्यसरी दाखिला भएको वोलपत्र मूल्यांकनमा समावेश गरिने छैन।

१८. यस भवनहरुमा कृषिजन्य बस्तुको बिक्रि वितरणको लागि पसल वाहेक अरु व्यवसाय गर्न पाइने छैन।

१९. अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा उल्लेख गरिएको छ। थप जानकारीका लागि परशुराम नगरपालिका कार्यालयको राजश्व शाखा वा कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

२०. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार परशुराम नगरपालिकामा सुरक्षित रहनेछ।

२१. सटर/कोठा प्रयोग गर्दा कुनै भौतिक क्षती भएमा सम्बन्धित प्रयोगकर्ताले नै मर्मत सम्भार गर्नुपर्नेछ।

२२. अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन र अन्य प्रचलित ऐन, नियम, कानुन बमोजिम हुनेछ।

कालु सिंह वोहरा
कृषि शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## सटर/कोठाको विवरण

| आय ठेक्का नं | कोठा नं | न्यूनतम वहाल अंक )मासिक( रु. | बोलपत्र फाराम दस्तुर )फिर्ता नहुने( | बोलपत्र साथ जम्मा गर्नु पर्ने धरौटी रकम रु. |
|---|---|---|---|---|
| ०११/२०८१/०८२ | 2 | 3034.91 | प्रति बोलपत्र फारम रु.1000 (एउटा बोलपत्र फारममा ६ वटा सटर/कोठा सम्मको विवरण पेश गर्न सकिनेछ। | कबोल रकमको ५ % ले हुन आउने रकम |
| | 6 | 3034.91 | | |
| | 7 | 2184.05 | | |
| | 8 | 2184.05 | | |
| | 9 | 2581.15 | | |
| | 10 | 2542.04 | | |
| | 11 | 2167.50 | | |
| | 12 | 2184.05 | | |
| | 13 | 2581.15 | | |
| | 14 | 2150.96 | | |
| | 15 | 2150.96 | | |
| | 16 | 2150.96 | | |
| | 17 | 2233.69 | | |
| | 18 | 2581.15 | | |
| | 19 | 2217.14 | | |
| | 20 | 2184.05 | | |
| | 21 | 2581.15 | | |
| | 22 | 2167.50 | | |
| | 23 | 2150.96 | | |
| | 24 | 2266.78 | | |

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत